## आयोजना सम्पन्न प्रतिवेदन बुझाउने बारे अत्यन्त जरूरी सूचना !

जलविद्युत आयोजनाको व्यापारिक उत्पादन शुरू भएको ३ महिना भित्र आयोजनाको आर्थिक तथा प्राविधिक पक्ष समेटिएको आयोजना सम्पन्न प्रतिवेदन (Project Completion Report), आयोजना निर्माण चरणहरूको मुख्य-मुख्य तस्वीर तथा भिडियोहरू तथा निर्माण भए बमोजिमका नक्साहरू (As built drawings) विद्युत विकास विभागमा पेश गर्नुपर्ने प्रावधान रहेको विदितै छ । सो प्रावधान बमोजिम कतिपय जलविद्युत आयोजनाहरू संचालनमा आइसके पश्चात् पनि उक्त विववरणहरू पेश गरेको देखिंदैन । तसर्थ हालसम्म आयोजना सम्पन्न प्रतिवेदन पेश नगरेका जलविद्युत आयोजनाहरूका प्रवर्द्धकले ३ महिना भित्र आयोजना सम्पन्न प्रतिवेदन लगायतका माथि उल्लेखित विवरणहरू (Hard copy and Soft copy) यस विभागमा बुझाउनु हुन सुचित गरिन्छ ।

विद्युत विकास विभाग,
सानो गौचरण, काठमाडौं
मिति २०८१/०९/१८